# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या नं : २०८२/०८३ मिति :२०८२/१२/१५
चलानी नं :

सूचना । सूचना ॥ सूचना ॥।

**विषय :- लागत साझेदारी रकम दाखिला गर्ने सूचना स्पष्ट पारिएको सम्वन्धमा ।**

उपर्युक्त विषयमा यस पर्सागढी नगरपालिकाको कार्यालय हरपुर, पर्साको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि सिचाई आयोजना (तराई–मधेश समृद्धि कार्यक्रम/नेपाल सरकार) अन्तर्गत वोरिङ्ग जडान कार्यका लागि २०८२/०८/२६ गतेको प्रथम पटक प्रकाशित सूचना र मिति २०८२/०९/१७ गतेको म्याद थप सूचना अनुसार यस नगरपालिकामा प्रस्ताव पेश गरेका १९९ कृषकहरुलाई जानकारी प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ । उक्त कार्यक्रम संचालन गर्न आवश्यक लागत साझेदारी अन्तर्गत कृषकले लागत अनुमानको १५% रकम अग्रिम रुपमा यस पर्सागढी नगरपालिकाको धरौटी खातामा दाखिला गर्नु पर्ने भएकोले देहाय वमोजिमको प्रकृया अपनाई २०८२ चेत्र २० गते भित्र रकम जम्मा गरि सक्कल भौचर साथ यस कार्यालयको कृषि शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**दाखिला सम्वन्धी विवरण :**

- दाखिला गर्नु पर्ने रकम : स्वीकृत लागतको १५% ले हुन आउने रकम रु ३२०००।-(वत्तीस हजार मात्र)
- खाताको नाम : पर्सागढी न.पा.,(ग–३) धरौटी खाता
- खाता नं. : ०६३०१००२००००००३ (सानिमा वैंक, पर्सागढी शाखा)
- रकम दाखिला गरी सक्कल भौचर पेश गर्ने अन्तिम मिति : २०८२/१२/२० गते सम्म

**पुनश्च:**

१) पालिकाको लागत अनुमान अनुसार १५२ जना लाभग्राहीलाई सेवा उपलव्ध गराउन सकिने हुँदा पहिले धरौटी रकम जम्मा गर्ने कृषकलाई पहिलो प्राथमिकता दिइने छ ।

२) १०० फिटसम्म मात्र नापी हुनेको हकमा टेन्डरको दररेटको मुल्याङ्कन अनुसार २०८३ अषाढ मसान्त पछि हिसाव गरी धरौटी वढी हुनआउने रकम लाभग्राहीलाई फिर्ता गरिनेछ ।

३) १०१ फिटदेखि १५० फिटसम्म नापी हुनेको हकमा निर्माण व्यवसायीले कवोल गर्ने घटी प्रतिशत अनुपात वरावरको रकम फिर्ता गरिनेछ ।

४) १५० फिट भन्दा वढी नापी हुनेको हकमा टेन्डरको दररेटको मुल्याङ्कन अनुसार थप धरौटी रकम तुरुन्तै दाखिला गर्नुपर्नेछ र थप धरौटी वापतको रकम दाखिला हुनासाथ मोटर पनि हस्तान्तरण गरिनेछ ।

५) थप जानकारिको लागि यस कार्यालयको कृषि शाखामा सम्पर्क गर्न सकिनेछ ।

.............................
राजु प्रसाद साह
(प्रमुख प्रशासकीय अधिकृत)

राजु प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

फोन :+९७७ -९८५५०११११२ इमेल parsagadhimun2075@gmail.com,info@parsagadhimun.gov.np

Scanned with CamScanner